जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक १२४ २०७८ साल मंसिर २५ गते शनिबार (11 Dec. 2021 Saturday) मूल्य रु. ५/-

**Log on :** *rajbirajdainik.com.np*

यौन दुराचारी जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : हुन सकेन मानवअधिकारको... ३ पृष्ठमा : नेपाली कांग्रेसको १४ औं.. ३ पृष्ठमा : अपहरित २० जना प्रहरीको ...

## कारागारमा भोकहड्ताल र नाराबाजी
## तीन सदस्यीय छानबिन समिति गठन




**दैनिक समाचारदाता**
**राजबिराज, २४ मंसिर ।**

राजविराज कारागारका कैदीबन्दीहरुले शुक्रबार भोकहड्तालसहित नाराबाजी गरेका छन् ।

कारागार भित्र भइरहेको अनियमितता रोक्न तथा दोषिमाथी कारवाहीको माग गर्दै कारागारका ए ब्लकका कैदीबन्दीहरु भोकहड्ताल र नाराबाजीमा उत्रिएका हुन् ।

उनीहरुले जेलर सुमन कोइराला, कार्यालय सहयोगि चन्दन यादव, नाइके बिजय यादव लगायतको सरुवाको माग समेत गरेका छन् ।

कारागार भित्र संचालित किराना पसलमा चर्को मुल्य लिएर समान बिक्रि गर्ने गरेको, भेट्न आउने आफन्तहरुसँग दुर्व्यबहार गर्ने गरेको तथा गर्ने गरेको तथा सरकारले उपलब्ध गराए अनुसारको सेवा सुविधा नदिएको भन्दै कारागारको ए ब्लकका १ सय ७९ जना कैदीबन्दी आन्दोलनमा उत्रेका हुन् ।

कारागारभित्र किराना पसलमा जेलर कोइराला, कार्यालय सहयोगि र नाइके समेतको मिलोमतोमा आफूहरुले किन्ने सामानमा चर्को मुल्य लिने गरेको कैदीबन्दीको आरोप छ । यस्तै सरकारले दिए अनुसारको सेवा सुविधा नदिएको उनीहरुको आरोप छ ।

कैदीबन्दीहरु आन्दोलन सुरु गरेपछि प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, प्रहरी उपरिक्षक अभिनारायण काफ्ले लगायतको सहभागितामा दुई घण्टाको छलफलपछि तीन सदस्यीय छानबिन समिति गठन गरि सोको प्रतिवेदनको आधारमा दोषिमाथी कारवाही गरिने सहमतिपछि आन्दोलन स्थगित गरिएको जनाइएको छ ।

कुल १ सय २५ कैदीबन्दी राख्ने क्षमता भएको उक्त कारागारमा हाल ए, बी र महिला ब्लक गरि कुल ३ सय ५२ कैदीबन्दी राखिएका छन् ।

## बाइस जोडीको सामूहिक विवाह

जनकपुर, २४ मङ्सिर (रासस) । धनुषाको जनकपुरधामस्थित जानकी मन्दिरमा बिहीबार साँझ २२ जोडीको सामूहिक विवाह गरिएको छ ।

विश्व हिन्दू परिषद् नेपालको आयोजनामा जानकी मन्दिर परिसरमा आयोजित सामूहिक विवाह कार्यक्रममा धनुषासहित सिरहा, सप्तरी, महोत्तरीलगायत विभिन्न जिल्लाका २२ जोडीको विवाह गराइएको हो ।

सीताराम विवाह पञ्चमी महोत्सव सकिएलगत्तै मन्दिर परिसरमा आयोजित सामूहिक विवाह समारोहमा विभिन्न जातजातिका जोडीको विवाह गराइएको विश्व हिन्दू परिषद् नेपाल धनुषाका अध्यक्ष सन्तोषकुमार साहले जानकारी दिनुभयो ।

विश्व जगत्मा जनकपुरस्थित जानकी मन्दिर प्रसिद्ध विवाहस्थलका रूपमा रहेको प्रचार-प्रचारसँगै विकास गर्न र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले सामूहिक विवाह समारोह आयोजना गरिएको अध्यक्ष साहले बताउनुभयो ।

विवाह समारोहमा प्रदेश नं २ का उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री शत्रुधन महतो, जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख लालकिशोर साह, जानकी मन्दिरका महन्थ रामतपेश्वर दास बैष्णवलगायतले नवविवाहिता जोडीलाई सुखद् दाम्पत्य जीवनको शुभकामना दिनुभयो ।

विश्व हिन्दू परिषद् नेपालले विगत चार वर्षदेखि जनकपुरधाममा विवाह पञ्चमीको भोलिपल्ट सामूहिक विवाह कार्यक्रम गर्दै आएको छ । अघिल्लो वर्ष कोरोना सङ्क्रमणका कारण सामूहिक विवाह समारोह गर्न सकिएको थिएन ।

## जनप्रतिनिधि र प्रशासनिक टोलीद्वारा कटान प्रभावित क्षेत्रको निरिक्षण



**दैनिक समाचारदाता**
**राजबिराज, २४ मंसिर ।**

सप्तरीको सप्तकोशी नगरपालिकास्थित विभिन्न खोला तथा बाढीबाट प्रभावित हुने क्षेत्रको शुक्रबार सरोकारवाला निकायले स्थलगत निरिक्षण गरेको छ ।

वर्षायाममा आउने बाढीले ठूलो जनधनको क्षति पुऱ्याइरहेका क्षेत्रको जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, प्रहरी उपरिक्षक अभिनारायण काफ्ले, सशस्त्रका प्रहरी उपरिक्षक राजु श्रेष्ठ र सप्तकोशी नगरपालिकाका प्रमुख उत्तम कुमार शर्माद्वारा स्थलगत निरिक्षण गरिएको हो ।

निरिक्षणका क्रममा प्रभावित क्षेत्रका बासिन्दाले वर्षा र बाढीले वर्षेणी आफूहरु समस्या भोग्दै आएको पीडा सुनाउँदै समस्याको दिगो समाधानका लागि पहल गरिदिन आग्रह गरेका थिए ।

टोलीमा सहभागि जिल्ला समन्वय समिति सप्तरीका प्रमुख प्रभाकर यादवले यस क्षेत्रमा वर्षेणी बाढीबाट हुने क्षति न्यूनिकरण तथा विपद् व्यवस्थापनका लागि गर्नु पर्ने कामहरु बारे आवश्यक जानकारी लिन स्थलगत निरिक्षण गरिएको र चाडै व्यवस्थापनका कामहरु अघि बढ्ने जानकारी दिए ।

टोलीले वर्षायाममा त्रियुगा, अमहा र सत्रापत्रा खोलाले ल्याउने बाढी र त्यसबाट प्रभावित हुने क्षेत्रको स्थलगत निरिक्षण गरि प्रभावित क्षेत्रका बासिन्दासाग समेत आवश्यक जानकारी लिएको छ । वर्षायामको समयमा उक्त खोलाहरुको बाढीले सप्तकोशी नगरपालिकाको अधिकांश वडा डुवानमा पार्ने गरेको छ ।



# हुन सकेन मानवअधिकारको अवस्था सन्तोषजनक

काठमाडौँ, २४ मङ्सिर (रासस) ।

नेपालको संविधान र कानुनले सबै जाति, वर्ग, लिङ्गबीच समानता कायम गर्ने व्यवस्था गरे पनि व्यवहारमा पूर्णरूपमा कार्यान्वयन भएको देखिएको छैन । समाजमा अहिले पनि हुनेखाने र हुँदाखानेबीचको विभेद, हत्या, हिंसा, बलात्कार, बलात्कारपछि हत्या, जातीय छुवाछूत, वादी, छाउपडीजस्ता कुप्रथा अहिले पनि न्यूनीकरण हुनसकेका छैनन् ।

सशस्त्र द्वन्द्वका पीडितले अहिलेसम्म न्याय पाएका छैनन् । विस्तृत शान्ति सम्झौता भएको १५ वर्ष पूरा भए पनि पीडितहरू अहिले पनि न्यायको आशामा छन् । स्वास्थ्योपचार, शिक्षा र रोजगारी भएमात्र पुग्ने पीडितको माग छ तर त्यसतर्फ राजनीतिक दलका नेताको ध्यान जान सकेको छैन ।

मानवअधिकारकर्मी चरण प्रसाईं सशस्त्र द्वन्द्वका पीडितले न्याय पाउन ढिलाइ भएकाप्रति चिन्तित हुनुहुन्छ । "दशवर्षे सशस्त्र द्वन्द्वपछि विस्तृत शान्ति सम्झौता भयो, तर शान्ति प्रक्रियाको एउटा न्याय पाउने काम अहिलेसम्म पूरा हुनसकेन", उहाँले भन्नुभयो, "पीडितलाई न्याय दिने कार्यमा सबैले ध्यान दिनुपर्छ, विगतका त्यस्ता कहालीलाग्दा घटना नदोहोरिने सुनिश्चितता गर्नुपर्ने अभियान कायम राख्नुपर्छ ।" लोकतन्त्र बलियो बनाउन पहिलो मानवअधिकारको रक्षा गर्नुपर्ने उहाँको बुझाइ छ । विस्तृत शान्ति सम्झौताअनुसार राजनीतिक दलहरूले गम्भीरतापूर्वक लिएर द्वन्द्वपीडितलाई न्याय दिनुपर्ने उहाँको माग छ ।

**विस्तृत शान्ति सम्झौता**

नेपालमा भएको दशवर्षे सशस्त्र द्वन्द्वपछि भएको विस्तृत शान्ति सम्झौताको बुँदा नम्बर ५.२.३ मा दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिको तथा युद्धका समयमा मारिएकाको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचना सार्वजनिक गरी परिवारजनलाई बुझाउने उल्लेख छ । विस्तृत शान्ति सम्झौताकै बुँदा नं ५.२.२ मा 'आफ्ना कब्जामा रहेका मानिसका बारेमा जानकारी सार्वजनिक गरी १५ दिनभित्र सबैलाई मुक्त गर्न दुवै पक्ष मन्जुर गर्दछन्' भनिएको छ ।

शान्ति सम्झौताअनुरुप नै दुवै पक्ष सशस्त्र द्वन्द्वबाट उत्पन्न विषम परिस्थितिलाई सामान्यीकरण गर्दै समाजमा शान्ति कायम गर्न मानवताविरुद्धको अपराधमा संलग्नको सत्य अन्वेषण गरी दोषीलाई कारबाही गर्ने उद्देश्यले सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग २०७१ माघ २७ गते गठन गर्‍यो । सरकार र द्वन्द्वरत पक्षबीच सम्झौता भएको साढे आठ वर्षपछि यी दुई आयोग बने ।

नेपालको संविधानअनुसार दुई वर्षभित्र सम्पूर्ण काम सक्ने भनेर गठन गरिएका यी दुई आयोगमा पहिलो पदाधिकारीले चार वर्षसम्म पनि काम पूरा गर्न नसकेपछि ती पदाधिकारीलाई बिदाइ गरेर नयाँ पदाधिकारी ल्याएको पनि करिब दुई वर्ष हुन लाग्यो तर पीडितले न्याय पाएको अनुभूति गर्न सकेका छैनन् ।

आयोगले दोस्रोपटक २०६७ माघ ९ गते नयाँ पदाधिकारीले पाएको हो । एक वर्षका लागि भनेर गठन गरिएको आयोगले दोस्रो वर्षसम्म पनि काम पूरा गर्ने देखिएको छैन । आयोगका पहिलो पदाधिकारीले तथ्याङ्क सङ्कलन गर्ने काम गर्‍यो । सत्य निरुपण तथा मेलमिलाप आयोगमा हालसम्म ६३ हजार ७१८ उजुरी दर्ता भएका छन् । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा तीन हजार २४३ उजुरीमध्ये २३७ उजुरी सत्य, निरुपण तथा मेलमिलाप आयोगसँग सम्बन्धित भएकाले त्यहाँ पठाइएको छ ।

सर्वोच्च अदालतले दशवर्षे सशस्त्र द्वन्द्वका पीडितको नाममा वितरण गर्न लागिएको परिचयपत्रमा पीडितको नाम राखेर मात्र वितरण गर्न मङ्गलबार अन्तरिम आदेश गरेको छ । "पीडित परिचयपत्रको ढाँचामा पीडितहरूकै भनाइबमोजिम उपरोक्त कुराहरू कमी भएको महसुस गरिएको र सोलाई समेत समेटेर पीडित परिचयपत्र बनाउनपर्ने देखिएको छ", आदेशमा भनिएको छ, "हाल बनेको परिचपत्रको ढाँचामा निवेदकद्वारा उल्लेख गरेका थप बुँदालाई गम्भीरतापूर्वक मनन गरी पुनरावलोकन गरेर निवेदकले उल्लेख गरेको उपरोक्त बुँदालाई समेत समेटेर परिचयपत्र बनाउनु ।"

कानुन न्याय तथा संसदीय मामिलामन्त्री दिलेन्द्रप्रसाद बडूले सङ्क्रमणकालीन न्याय वर्तमान गठबन्धन सरकारको प्राथमिकताभित्र रहेको बताउनुभएको छ । "गठबन्धनको सरकार बनेको छ, यसको न्यूनतम साझा कार्यक्रममा पनि यो विषय प्राथमिकतामा परेको विषय छ, विस्तृत शान्ति सम्झौतालाई तार्किक निष्कर्षमा पुर्‍याउने नै हो", उहाँले भन्नुभयो, "पीडितलाई न्याय दिन ढिला भइसकेको छ, धेरै ढिला गर्नु हुँदैन, दलहरूको सहमति र पीडितको सरोकारलाई ध्यान राखी सर्वोच्च अदालतको आदेश, कानुनी राज्य, मानवअधिकार प्रतिबद्धताअनुसार टुङ्ग्याउनुपर्छ ।"

त्रिहत्तरऔँ अन्तर्राष्ट्रिय मानवअधिकार दिवस तथा १३औँ मानवअधिकार महाभेलाको बुधबार उद्घाटन गर्दै उपराष्ट्रपति नन्दबहादुर पुनले सशस्त्र द्वन्द्वका पीडितलाई छिटो न्याय पाउनुपर्ने कार्य ढिलाइ भएको बताउनुभयो । "शान्ति प्रक्रिया टुङ्ग्याउने विषयमा विश्वको ध्यान नेपालतर्फ आकर्षित भइरहेको छ", उहाँले भन्नुभयो, "सबै मानवअधिकारकर्मी मिलेर त्यसतर्फ ध्यान दिनुपर्ने जरुरी छ ।" शान्ति प्रक्रियाको अन्तिम काम पीडितलाई न्याय दिनका लागि राजनीतिक दलको सहमतिमा सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन हुनसकेको छैन ।

मानवअधिकारको संरक्षण गर्न स्थापना गरिएको संवैधानिक आयोग राष्ट्रिय मानवअधिकार आयोगको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदनमा मानवअधिकारको अवस्था सन्तोषजनक नभएको उल्लेख छ । "मुलुकमा बालविवाह, महिला हिंसा, मानव बेचबिखनजस्ता समस्याको विद्यमानता, पीडितको न्यायमा पहुँच सरल, सहज र सुरक्षित हुनसकेको छैन", आयोगका अध्यक्ष तपबहादुर मगरले भन्नुभयो, "समाजमा जातीय भेदभाव कायम रहनु र स्वास्थ्य सेवामा सबैको पहुँच हुन नसक्नुबाट संविधानप्रदत्त हक अझै सहजरूपमा नागरिकले उपभोग गर्न सकेका छैनन् ।"

नेपालको संविधानमा ३१ वटा मौलिक हकको व्यवस्था गरिएको छ । तीन वर्षभित्र कानुन बनाएर कार्यान्वयनमा ल्याउने भनिएको थियो । कानुन बने तर नियमावली बनेर अझै कार्यान्वयनमा आउन सकेको छैन । आयोगको प्रतिवेदनमा आप्रवासी कामदारमाथि श्रम शोषण, यौन शोषण, सीमान्तकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, ज्येष्ठ नागरिक, लैङ्गिक अल्पसङ्ख्यक तथा प्राकृतिक प्रकोप, बाढी र भूकम्पबाट प्रभावितको मानवअधिकार अवस्थामा सन्तोषजनक सुधार हुन नसकेको उल्लेख छ ।

आयोगमा यस आवमा मानवअधिकार उल्लङ्घनसम्बन्धी विभिन्न १६८ उजुरी दर्ता भएका थिए । नयाँ र पुराना गरी आयोगमा २६१ उजुरीको अध्ययन पूरा भएको छ । मानवअधिकार उल्लङ्घनका विषयमा २१२ अनुगमन गरेको छ । अनुसन्धान पूरा भएका १८८ उजुरीमाथि आयोगले निर्णयसमेत गरेको वार्षिक प्रतिवेदनमा छ । आयोगले यस वर्ष कार्यान्वयनका लागि सरकारलाई १८ बुँदे सिफारिस पनि गरेको छ । सरकारले कार्यान्वयनमा तदारुकता देखाएको छैन । आयोगले हालसम्म गरेका सिफारिसमा जम्मा १३ प्रतिशतमात्र कार्यान्वयन भएको आयोगको भनाइ छ ।

"विस्तृत शान्ति सम्झौतामार्फत सुरू भएको शान्ति प्रक्रियाले १५ वर्ष पार गरिसकेको छ", आयोगका अध्यक्ष मगरले भन्नुभयो, "यतिका वर्षसम्म पनि द्वन्द्वपीडितले अझै न्याय पाउन नसक्नु दुःखद् पक्ष हो ।" सीमान्तकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, ज्येष्ठ नागरिक, लैङ्गिक अल्पसङ्ख्यकलगायत विषयमा राज्यले विशेष ध्यान दिन नसकेको आयोगका अध्यक्ष मगरको ठहर छ ।

अन्तर्राष्ट्रिय मानवअधिकार दिवसका अवसरमा सप्ताव्यापीरूपमा मानवअधिकार महाभेला मनाउन थालेको १३ वर्ष पुगेको छ । यस वर्षको अन्तर्राष्ट्रिय नारा 'भ्त्रगबष्तिथ( च्भमगअष्लन ष्लभत्रगबष्तिष्भक, बमखबलअजष्लन जगनबल चष्नजत' (समानता : असमानता घटाउने, मानवअधिकारको विकास गर्ने) भन्ने रहेको छ । राष्ट्रिय नारा 'विधिको शासन कायम गरौँ, मानवअधिकारको सम्मान गरौँ' भन्ने रहेको छ । नेपाल प्रज्ञा प्रतिष्ठानमा बुधबारबाट डिसेम्बर-१० का अवसरमा (मङ्सिर २२ देखि २८ गतेसम्म) मानवअधिकार महाभेलाको आयोजना भइरहेको छ ।

महाभेलाका संयोजक शान्तिका लागि साझा अभियान (कोक्याप) का अध्यक्ष रोशना खड्कालाई देशमा कानुन पर्याप्त भएर पनि कार्यान्वयन गर्ने पक्षले सहीरूपमा कार्यान्वयन गर्न नसकेको अनुभव छ । "नेपालमा असमानता हटाई समानता कायम गर्न कानुन धेरै बनेका छन्", उहाँले भन्नुभयो, "भएका कानुनको कार्यान्वयन प्रभावकारी हुनसकेका छैनन् ।"

यस वर्षको मानवअधिकारको विश्वव्यापी नारा नै असमानताको अन्त्य गरौँ भन्ने रहेको उल्लेख गर्दै उहाँले थप्नुभयो, "नेपालमा भएका कानुनको पनि आफूअनुकूल उपयोग भएको छ, मौलिक हकमा व्यवस्था भएको मानवको सुरक्षितरूपमा बाँच्न पाउने अधिकारको सुनिश्चित अझै हुनसकेको छैन ।"

विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ ले गर्दा विश्वभरि नै मानिसलाई बाँच्नकै लागि समस्याको वर्ष भयो । प्राकृतिक प्रकोप, बाढीपहिराजस्ता विपद्को समयमा पनि बढी पीडा सीमान्तकृत समुदायलाई नै हुने गरेका छन् । "महामारीको समस्या होस् वा प्राकृतिक प्रकोप सीमान्तकृत समुदायलाई नै त्यसको असर पर्ने गरेको छ", महाभेलाका संयोजक खड्काले थप्नुभयो, "नागरिकको जीउधनको रक्षा गर्न तीनै तहका सरकार गम्भीर हुनुपर्छ, नागरिकप्रति जिम्मेवारी हुनु जरुरी छ ।"

यस वर्ष महाभेलाको आयोजना गर्न कोक्यापलाई संयोजक र फ्रिडम फर अल नेपाल तथा शान्ति फाउण्डेशनलाई सहसंयोजकका रूपमा जिम्मेवारी दिइएको छ । त्यसमा विभिन्न २०० सङ्घसंस्था आवद्ध भएका छन् । महाभेलाका संस्थापक अध्यक्ष तथा मानवअधिकारकर्मी प्रसाईंले विसं २०४६ पछि मात्र नेपालमा मानवअधिकारको सवालमा बोल्न र काम गर्ने वातावरण बनेको स्मरण गर्नुभयो । उहाँले तत्कालीन समयमा संविधानसभालाई सफल पार्न र सङ्क्रमणकालीन न्याय छिटो निरुपण गर्नुपर्ने मानवअधिकारका मुख्य कार्यसूची रहेको सुनाउनुभयो ।

मानवअधिकारको संरक्षणबिना लोकतन्त्र सफल हुन नसक्ने उहाँको बुझाइ छ । "मानवअधिकार भनेकै लोकतन्त्र हो, यसको रक्षा र पालना सबैबाट हुनुपर्ने महत्वपूर्ण सन्देश दिन हरेक वर्ष महाभेलाले दिने गरेको छ", उहाँले भन्नुभयो, "मानवअधिकारका उद्देश्य हासिल नभएसम्म सबैले आवाज उठाउन जरुरी छ ।"

मानवअधिकार दिवस प्रत्येक वर्ष डिसेम्बर १० का दिन मनाइन्छ । अर्थात् मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको दिन सन् १९४८ डिसेम्बर १० लाई आधार मानेर मनाउने गरिएको हो । सोही दिन विश्वव्यापी मानवअधिकारको घोषणा भएको संस्मरण गर्दै प्रत्येक वर्ष यो दिवस मनाइने गरिन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No.: 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मर्यादित महिनावारीलाई अभियानका रुपमा सञ्चालन गर्न आग्रह

काठमाडौँ, २४ मङ्सिर (रासस) ।

'मर्यादित जीवन, स्वच्छ महिनावारी' का सवाललाई सचेतना अभियानका रुपमा सञ्चालन गर्ने ध्येयले निर्मित वृत्तचित्रको शुक्रबार कानून निर्माता, कार्यान्वयनकर्ता र अधिकारकर्मीका बीच प्रदर्शनी गरिएको छ ।

ग्लोबल एक्सन नेपाल र 'डिग्निटी विथआउट ड्याञ्जर'को सहकार्यमा संयुक्त राज्य अमेरिकाको पिचवर्ग विश्वविद्यालय र बेलायतको जोन मोर विश्वविद्यालयको सहयोगमा निर्मित सो ३७ मिनेटको वृत्तचित्रमा सुदूरपश्चिम प्रदेशका कञ्चनपुर, डडेल्धुरा, बैतडी र दार्चुला जिल्लामा देखिने विभेदपूर्ण छाउपडी प्रथाका कथाव्यथालाई प्रस्तुत गरिएको छ । निर्मला भट्ट निर्देशित वृत्तचित्रमा ११ जना महिलाले पात्र र प्रवृत्तिलाई प्रस्तुत गर्दै विगतको कुसंस्कारका रुपमा रहेको छाउपडी र त्यसमा आएको सचेतना तथा सुधारका पक्षलाई उजागार गरिएको छ ।

उक्त वृत्तचित्रलाई प्राप्त सुझावका आधारमा परिमार्जन गरी राष्ट्रव्यापीरुपमा सम्प्रेषण गरिने ग्लोबल एक्सन नेपालका कार्यकारी निर्देशक बाबुकाजी श्रेष्ठले जानकारी दिनुभयो । उहाँले माध्यमिक तहका पाठ्यक्रममा मर्यादित महिनावारीबारे उल्लेख भए पनि शिक्षकलाई थप सहजीकरण आवश्यक भएको बताउनुभयो ।

वृत्तचित्र अवलोकनपछि सङ्घीय सांसद नरबहादुर धाँमी, वाग्मती प्रदेशसभाका सदस्य माधव पौडेल, जीवन खड्का, प्रदेश नं १ का सभासदस्य उत्तम बस्नेत र बुद्धीकुमार रायमाझी, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव डा हरि लम्साल, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रतिनिधि डा शालिकराम धिताल, कञ्चनपुरको वेद नगरपालिका-५ का वडाध्यक्ष गजेन्द्र विकलगायतले मर्यादित महिनावारीलाई अभियानका रुपमा सञ्चालन गर्न प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । उहाँहरुले विकास साझेदारले सहयोग गरेमा मात्रै चेतनामूलक कार्य हुने स्थितिको अन्त्य गरी यसलाई जीवनपद्धतिकै रुपमा अँगाल्न आग्रह गर्नुभयो ।

# पार्टीको एप सार्वजनिक गर्दै कांग्रेसको १४औँ महाधिवेशन उद्घाटन

काठमाडौँ, २४ मङ्सिर (रासस) ।

भृकुटीमण्डपमा आयोजित भव्य समारोहका बीच नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले पार्टीको एप 'नेपाली कांग्रेस' सार्वजनिक गर्दै कांग्रेसको १४औँ महाविधेशनको उद्घाटन गर्नुभएको छ । प्रविधिमैत्री एवं डिजिटल कांग्रेस बनाउने अभियानका साथ कांग्रेसले एप तय गरेको हो । एपमा पार्टीका

*बाँकी तीन पृष्ठमा*

# नेपाली कांग्रेसको १४ औं महाधिवेशन भव्य समारोहबीच भृकुटीमण्डपमा उद्घाटन

काठमाडौँ, २४ मङ्सिर (रासस) ।

नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले नेपाली कांग्रेसको १४औँ महाधिवेशनको उद्घाटन गर्नुभएको छ ।

काठमाडौँको भृकुटीमण्डप प्राङ्गणमा आयोजित भव्य समारोहका बीच उहाँले महाधिवेशनको उद्घाटन गर्नुभएको हो । समारोहको मुख्य मञ्चमा कांग्रेसका शीर्ष नेतासँगै अन्य राजनीतिक दलका प्रमुख तथा विदेशबाट आउनुभएका अतिथिहरू उपस्थित हुनुहुन्छ । कोभिड-१९ महामारीका कारण काठमाडौँ उपत्यका बाहिरबाट सहभागी नबोलाइएको भए पनि पार्टीका महाधिवेशन प्रतिनिधि र स्वतःस्फूर्तरूपमा आएका सहभागीले भृकुटीमण्डप भरिभराउ छ ।

उद्घाटन अघि पार्टीका संस्थापक र अग्रज नेताका तस्वीरमा माल्यार्पणका साथै मुलुकमा लोकतन्त्र स्थापनाका लागि बलिदान दिने ज्ञातअज्ञात शहीदको सम्मानमा मौनधारण गरियो । सहभागीलाई सजिलोका लागि मञ्चका गतिविधि बाहिर देखिने गरी भृकुटीमण्डपबाहिर पाँच ठूला डिस्प्ले राखिएको छ । सञ्चारमाध्यमका लागि रिर्पोटिङ गर्न मुख्य मञ्चको दाहिनेतिर छुट्टै स्टेज बनाइएको छ । सबैतिर मञ्चको आवाज सुनिने गरी ठूला साउण्ड सिष्टम राखिएको छ । यस महाधिवेशनमा 'उत्साह, एकता र रुपान्तरण, सफल बनाऔँ नेपाली कांग्रेसको १४औँ महाधिवेशन' नारा तय गरिएको छ ।

मञ्चको पृष्ठभूमिमा नेपालको नयाँ नक्साभित्र पार्टीका संस्थापक एवं नेता बिपी कोइराला, सुवर्ण शम्शेर, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र सुशील कोइरालाको तस्बिर अङ्कित प्रचार लोगो राखिएको छ । मुलुकको सबैभन्दा ठूलो र पुरानो लोकतान्त्रिक दलको महाउत्सवलाई राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रले विशेष चासोका साथ हेरिरहेको छ ।

महाधिवेशनस्थल पार्टीका झण्डा र चुनाव चिह्न रुख अङ्कित झण्डाले सिँगारिएको छ भने त्यस वरपर विभिन्न स्थानमा स्वागतद्वार राखिएको छ । महाधिवेशनमा विभिन्न जातजाति वेषभूषा झल्कने नृत्यसहितका झाँकी प्रदर्शन गरिएको छ । सो क्रममा धिमे नाँच, मगर, गुरुङ, लिम्बू, थारु, भोजपरी, मैथली, खस आर्यका नाच प्रदर्शन गरिएको छ ।

यसैगरी महाधिवेशनका उम्मेदवारका व्यानरले भृकुटीमण्डप भरिभराउ छ । यस महाधिवेशनमा चार हजार ७०० महाधिवेशन प्रतिनिधि रहने छन् । महाधिवेशनमा भूपू सैनिक सङ्घका स्वयंसेवकले सहभागीको भीड व्यवस्थापन गरेका छन् । नेपाल प्रहरीले सुरक्षाको आवश्यक प्रबन्ध गरेको र ट्राफिक प्रहरीले सवारीको उचित व्यवस्थापनको प्रबन्ध मिलाएको जनाएको छ ।

महाधिवेशनस्थलमा उम्मेदवारले आफ्नो प्रचारका लागि भिजिटिङ कार्ड, पम्पलेट वितरण गर्नुका साथै मतदातालाई आफ्नो पक्षमा आकर्षण गर्न विभिन्न कार्यक्रम गरिहेको देखिन्छ । नेता कार्यकर्तामा हार्दिकता साटासाटा गरेको देखिन्छ । प्रवेशद्वार नजिकै स्वास्थ्य समिति र मिडिया सेन्टर स्थापना गरी आवश्यक सेवा प्रदान गरिएको छ । प्रदर्शनी क्षेत्रमा नेता तथा कार्यकर्ता र शुभचिन्तकको भिडले खचाखच भरिएको छ । नेपाली कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले कार्यक्रम सञ्चालन गरिरहनुभएको छ । महाधिवेशनमा उपस्थित नेता तथा कार्यकर्ताले नेपाली कांग्रेस एक भएर अघि बढेको हेर्न चाहेको प्रतिक्रिया दिनुभएको छ । यसअघि समारोहमा कांग्रेस काठमाडौँका सभापति कृष्ण बाँनिया (सवुज)ले महाधिवेशनमा आउनुभएका नेता तथा कार्यकर्ता र पाहुनालाई स्वागत अभिवादन गर्नुभएको थियो । उहाँले नेपाली कांग्रेस जुन उद्देश्यले स्थापना भएको त्यो लक्ष्य प्राप्तिमा यस महाधिवेशनले शक्ति प्रदान गर्ने उहाँले बताउनुभयो ।

यसैबीच, महाधिवेशनको बन्द सत्र शनिबार भृकुटीमण्डपको हलमा हुनेछ । पार्टीको केन्द्रीय निर्वाचन समितिका अनुसार महाधिवेशन प्रतिनिधिको नामावली प्रकाशन मङ्सिर २४ गते विहान १० बजे हुनेछ । उम्मेदवार मनोनयन दर्ता मङ्सिर २५ गते विहान १० देखि साँझ ५ बजेसम्म, उम्मेदवारी मनोनयन दर्ता उपर दाबी विरोध र जाँचबुझ मङ्सिर २५ गते साँझ ५ देखि ७ बजेसम्म र दाबी विरोधउपर निर्णय मङ्सिर २५ गते साँझ ७ देखि ९ बजेसम्म हुने समितिले जनाएको छ ।

उम्मेदवारको पहिलो नामावली प्रकाशन मङ्सिर २५ गते राति ९ देखि १२ बजेसम्म, मनोनयन पत्र फिर्ता लिइसक्नुपर्ने समय मङ्सिर २६ गते बिहान ११ बजेसम्म, उम्मेदवारको अन्तिम नामावली प्रकाशन मङ्सिर २६ गते दिउँसो १२:१५ बजे र मतदान मङ्सिर २७ गते बिहान ८ बजेदेखि हुने समितिका संयोजक गोपालकृष्ण घिमिरेले जानकारी दिनुभयो ।

### पार्टीको एप...


सबै गतिविधि समेटिएको छ ।

यस्तै दिवङ्गत कांग्रेस नेता खुमबहादुर खड्काको स्मरणमा तयार पारिएको पुस्तकसमेत उद्घाटन सत्रमा सार्वजनिक गरिएको छ । 'उत्साह, एकता र रुपान्तरण' भन्ने नाराका साथ कांग्रेसले महाधिवेशनको आयोजना गरेको हो । हजारौँ नेता तथा कार्यकर्ताको उपस्थितिमा सभापति देउवाले महाधिवेशनको उद्घाटन गर्नुभएको हो ।

उद्घाटन समारोहमा पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापतिद्वय विमलेन्द्र निधि र विजयकुमार गच्छदार, महामन्त्रीद्वय शशाङ्क कोइराला र पूर्णबहादुर खड्कालगायत कांग्रेसका केन्द्रीय नेताको सहभागिता छ । महाधिवेशनको सफलताको शुभकामना दिनका लागि नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र राष्ट्रिय जनमोर्चा नेपालका उपाध्यक्ष दुर्गा पौडेल उपस्थित हुनुहुन्छ ।

यसैगरी लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनको पनि महाधिवेशनस्थलमा उपस्थिति छ । भारतबाट भारतीय जनता पार्टी र कङ्ग्रेस आईका प्रतिनिधि आउनुभएको छ ।

शुक्रबारदेखि तीन दिनसम्म चल्ने महाधिवेशनमा चार हजार ७०० प्रतिनिधि सहभागी हुनेछन् । महाधिवेशनले एक सभापति, दुई उपसभापति, दुई महामन्त्री, आठ सहमहामन्त्रीसहितका पदाधिकारी र १३४ सदस्यीय केन्द्रीय कार्यसमिति चयन हुनेछ । कोषाध्यक्ष भने केन्द्रीय समितिले चयन गर्नेछ ।


राजविराज नगरपालिका
वडा नं.-१ को कार्यालय
प्रदेश नं. २

पत्र संख्या- २०७७/०७८
चलानी नं.- १०९
मिति-२०७८/८/२२

बिषय- सूचना सूचना सूचना

वडा कार्यालय बाट जारी भएको सूचना

जिल्ला सप्तरी रा.वि.न.पा.वार्ड नं.....२...हाल वार्ड नं. १वस्ने ...[illegible]... ले तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरि पाउँ भनि मिति.२०७८/८/२२.....मा द.नं...९१९..को निवेदन दिएको हुदा सो जग्गामा कसैको हक दाबी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानुन बमोजिम भै जाने व्होयोरा जानकारी गराइन्छ ।

तपसिल

जि.स.रा.वि.न.पा.वार्ड नं..२ हाल .१..वस्ने श्री....[illegible]..नाउँको दर्ताको जग्गा

| जिल्ला | गा.पा./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | [illegible] | १५ | ४९४ | ०-२-३ |
| " | " " | १८ | ३१२ | ०-२-१५ |
| " | " " | १८ | ३१४ | ०-१-१६ |
| " | " " | १८ | ३१६ | ०-४-० |
| " | " " | " | ३२१ | ०-२-० |
| " | " " | " | ३२८ | ०-०-१० |
| " | " " | " | ३२३ | ०-०-६ |
| " | " " | २ | ४५४ | ०-१-१३ |
| " | " " | २ | ४६८ | ०-१-० |
| " | [illegible] | ६१ | ४४६ | ०-१-१५ |
| " | " | ६१ | ४६१ | ०-४-१५ |
| " | [illegible] | ६ | १४३ | ०-४-१० |
| | " | २५ | २२ | |

# विश्व समाचार

## अपहरित २० जना प्रहरीको उद्धार

अबुजा, २४ मङ्सिर (रासस/सिन्ह्वा) ।

इजरायलमा आतंककारीहरुले अपहरण गरेका २० जना प्रहरीको उद्धार गरिएको छ । प्राप्त समाचारमा हालै एक प्रहरीचौकीमा आक्रमण गरेर ती प्रहरीलाई अपहरण गरिएको थियो ।

हातहतियारसहित आएका ती अपहरणकारीले अपहरण गरी लगेका ती प्रहरीलाई यहाँको संयुक्त सुरक्षा टोलीले अपहरणमुक्त गरेको बताएको छ ।

यहाँको बनियादी भन्ने स्थानमा रहेको प्रहरी स्टेसनमा आक्रमण गरेर पक्राउ गरी लगेका ती प्रहरीलाई नाइजेरियाको सेनासहितको टोलीले अपहरणबाटमुक्त गरेको यहाँको सेनाले जनाएको छ ।यहाँको बोको हराम समूहले समय समयमा सुरक्षाकर्मीलाईसमेत अपहरण गरेर लाने गरेको छ ।

## मेक्सिकोमा सडक दुर्घटनामा कम्तीमा ५३ आप्रवासीको मृत्यु

टक्स्टला गुटिरेज, मेक्सिको, २४ मङ्सिर, (रासस-एएफपी) ।

मेक्सिकोमा सडक दुर्घटनामा बिहीबार कम्तीमा ५३ आप्रवासीको मृत्यु भएको छ । उक्त दुर्घटना ट्रक रिटेनिङ पर्खालमा ठोक्किँएर पल्टिँदा दक्षिणी राज्य चियापासमा भएको हो । चियापास संयुक्त राज्य अमेरिका जान खोज्नेका लागि प्रमुख ट्रान्जिट विन्दु हो .

प्रारम्भिक रिपोर्ट अनुसार उक्त दुर्घटनामा अन्य ५८ जना पनि घाइते भएका छन जसमध्ये तीनको अवस्था गम्भीर छ . "अहिलेसम्म ५३ जनाको मृत्यु भइसकेको छ र तीन जना गम्भीर घाइते छन्," स्थानीय कार्यालयले जनाएको छ। आप्रवासी ट्रकमा ठोक्किँदा उक्त दुर्घटना भएको नागरिक सुरक्षा अधिकारीले पत्रकारलाई भनेका छन् । "बाँचेकाहरूको बयान अनुसार, तिनीहरूमध्ये अधिकांश ग्वाटेमालाका हुन्," लुइस म्यानुएल गार्सियाले भने .

चालकले गाडीको तीव्र नियन्त्रण गुमाएका कारण दुर्घटना भएको अधिकारीले जनाएका छन् । स्थानीय टेलिभिजनले ठूलो सङ्ख्यामा एम्बुलेन्स, अग्निनियन्त्रक र उद्धारकर्मी दुर्घटनाग्रस्त गाडीको वरिपरी भेला भएको देखाएका छन् । साथै घाइतेहरू उपचारको पर्खाइमा छन् ।

## इन्डोनेसियामा ज्वालामुखी विस्फोटमा परी मृत्यु हुनेको संख्या ४३ पुग्यो

जाकार्ता, २४ मङ्सिर (रासस/एएफपी) ।

इन्डोनेसियाको जाकार्तामा गत शनिबार भएको ज्वालामुखी विस्फोटमा परी मृत्यु हुनु व्यक्तिको सङ्ख्या ४३ पुगेको छ । ज्वालामुखी विस्फोटमा परी १०४ जना घाइते भएका यहाँको राष्ट्रिय प्रकोप व्यवस्थापन विभागले बिहीबार जानकारी दिएको छ ।

ज्वालामुखीबाट निस्किएको खरानीको कारण उद्धारको गर्ने स्थानमा अँध्यारो र बादलले ढाकिएको हुनाले बिहीबारको उद्धार प्रक्रिया रोकिएको व्यवस्थापन विभागका प्रवक्ता अब्दुल मुहारीले बताउनुभयो छ । गत शनिबार इन्डोनेसियाको जाभा प्रान्तको पूर्वीक्षेत्रमा लुमाजाङ्ग नामक जिल्लामा सो ज्वालामुखी निस्किएको थियो । यसबाट यहाँका स्थानीय नागरिक नराम्ररी प्रभावित भएका छन् । ज्वालामुखीको खरानीले गर्दा उनीहरु भाग्ने क्रममा मृत्यु भएको बताइएको छ ।

प्रभावित क्षेत्रबाट करिब ६ हजार व्यक्तिलाई १२१ ओटा अस्थायी वासस्थानमा सारिएको छ । जाकार्ता समयानुसार गत शनिबार दिउँसो ३:१० बजे तीन हजार ६७६ मिटर अग्लो माउन्ट सेमेरुमा ज्वालामुखी विस्फोट भएको थियो ।

## भारतमा थप आठ हजार ५०३ जना कोरोना सङ्क्रमित

नयाँदिल्ली, २४ मङ्सिर (रासस/सिन्ह्वा) ।

भारतमा बिहीबार आठ हजार ५०३ जनामा कोरोना सङ्क्रमण देखा परेको छ । हिजो देखिएको यस सङ्क्रमितहरुमा चार हजार १६९ केरला राज्यका रहेका प्राप्त समाचारमा जनाइएको छ ।

यसैसँगै कोरोनाको कूल सङ्क्रमितको सङ्ख्या तीन करोड ४६ लाख ७४ हजार ७४४ पुगेको केन्दीय स्वास्थ्य मन्त्रालयले शुक्रबार जानकारी दिएको छ । भारतमा अझै पनि ९४ हजार ९४३ जना सक्रिय सङ्क्रमित रहेका पनि समाचारमा जनाइएको छ । भारतमा हाल देखिएको सक्रिय सङ्क्रमित १ प्रतिशत भन्दा कम रहेको जनाइएको छ । हाल रहेका सक्रिय सङ्क्रमति कूल सङ्क्रमतिको ०.२९ प्रतिशत मात्र रहेका जनाइएको छ ।

बिहीबार कोरोना सङ्क्रमणबाट ६२४ जनाको मृत्यु भएपछि कूल मृतकको सङ्ख्या चार लाख ७४ हजार ७३५ पुगेको छ ।
गएको २४ घण्टामा भारतमा सात हजार ६७८ जना कोरोनाबाटमुक्त भएका छन् । यसैसँगै कोरोना सुरु भएयता हालसम्म तीन करोड ४१ लाख ५ हजार ६६ जनालाई कोरोनाको सङ्क्रमण निको भएका छन् ।

भारतमा कोरोना सुरु भएदेखि हालसम्म ६५ करोड ३२ लाख व्यक्तिको कोरोना परीक्षण भएको छ । यहाँ गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान सुरु भएको थियो । सो समयदेखि हालसम्म एक अर्ब ३१ करोड १८ लाख डोज खोप लगाइएको जनाइएको छ ।

# प्रदेश २ स्तरिय महिला क्रिकेटमा बारा र सिरहा फाईनलमा भिड्ने



**दैनिक समाचारदाता**
**राजबिराज, २४ मंसिर ।**

राजविराजमा संचालित प्रधानमन्त्री कप प्रदेश स्तरिय टि ट्वान्टी महिला सिनियर छनोट क्रिकेट प्रतियोगिताको फाइनल खेल बारा र सिरहाबीच हुने भएको छ।

शुक्रबार सम्पन्न दुई वटा खेलमा बारा र मत्तोतरी बिजय भएका छन। शुक्रवार पहिलो खेलमा महोत्तरीले सर्लाहीलाई ८ बिकेट तथा दोस्रो खेलमा बाराले सप्तरीलाई १ सय १ रन पराजित गरेको हो।

पहिलो खेलमा सर्लाहीले टस जितेर १८ ओभरमा १० बिकेट गुमाएर ७४ रन जोड्यो। जसमा श्रृया थापा ६ रन वाहेक कुनै पनि खेलाडी दोहोरो अंक पार गर्न सकेन भने ६१ रन अतिरिक्त आएको छ। बलिङतर्फ महोत्तरीकी पुष्पा फुयाल ४ बिकेट, रोजी कडारी र रितु गरी २/२ बिकेट हात पारेकी थिइन्।

प्रतिउत्तरमा महोत्तरीले १० ओभरमा २ बिकेट गुमाई जित हात पार्‍यो। जसमा गोमा आले २३ रन जोडेकी थिइन् भने बलिङतर्फ सर्लाहीकी तुलसी बिश्वकर्मा १ र सुमित्रा देवकोटा १ बिकेट लिइन्। खेलको म्यान अफ दि प्लेयर महोत्तरीकी पुष्पा फुयाल घोषित भइन्।

यस्तै दोस्रो खेलमा बाराले टस जितेर २० ओभरमा ४ बिकेट गुमाएर १ सय ५९ रनको योगफल बनायो। जसमा प्रतिमा साह ७१ रन, एलिसा यादब २२ तथा सोनी कुशवाहा अविजित १८ रन जोडेकी थिइन्। बलिङतर्फ सप्तरीकी सृजना चौधरी २ बिकेट र नितु चौधरीले १बिकेट हात पारेकी थिइन्।

प्रतिउत्तरमा सप्तरीले १६ ओभर १ बलमा सबै बिकेट गुमाई ५८ रन मात्र बनाएको थियो। जसमा मनिका चौधरीले १४ रन बाहेक कुनै पनि खेलाडी दोहोर अंक पार गर्न सकेनन्। बलिङतर्फ बाराकी मोनिका साह र प्रतिमा साहले २/२ बिकेट, प्रिंयका साह, बन्दना गुप्ता १/१ बिकेट हात पारेपछि बारालाई जित सहज भएको हो। खेलको प्लेयर अफ म्याच प्रतिमा साहलाई पुर्व अन्तराष्ट्रिय खेलाडी दिपेन्द्र चौधरीले कप प्रदान गरे।

# भन्सार छली भित्रचाइएको ट्रक नियन्त्रणमा

वीरगञ्ज, २४ मङ्सिर (रासस)।

बिल बिजकभन्दा बढी विभिन्न किसिमका लत्ताकपडा तथा खुद्रा मालवस्तु लोड गरेको एउटा ट्रकलाई पर्सा प्रहरीले नियन्त्रणमा लिई राजस्व अनुसन्धान कार्यालय पथलैया बारा पठाएको छ। प्रहरीका अनुसार वीरगञ्ज महानगरपालिका-८ स्थित घण्टाघर सडकखण्डमा ना३ख २२९ नंको मालवाहक सामग्रीसहित नियन्त्रणमा लिइएको ट्रकलाई आवश्यक कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पठाइएको हो।

सो क्रममा उक्त ट्रक तथा चालक बाराको जितपुर सिमरा उपमहानगरपालिका-९ बस्ने वर्ष २५ का सागर रायलाई समेत प्रहरीले नियन्त्रणमा लिएको छ। करिब रु पाँच लाख मूल्य बराबरको भन्सार छली गरी ल्याइएका विभिन्न किसिमका लत्ताकपडा तथा खुद्रा सामान लोड गरिएको ट्रकलाई प्रहरीले नियन्त्रणमा लिएको थियो। उक्त ट्रकमा बिलबिजकभन्दा बढी विभिन्न किसिमका लत्ताकपडा तथा खुद्रा मालवस्तु लोड गरिएको प्रहरीले जनाएको छ।


कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं
अनुरोधकर्ता : खडक नगर कार्यपालिकाको कार्यालय, सप्तरी


# नाबालकसहित चार जनालाई भारतबाट उद्धार

वीरगञ्ज, २४ मङ्सिर (रासस)।

जिल्ला प्रहरी कार्यालय पर्साले मानव बेचबिखनमा परेका दुई नाबालकसहित चार जनालाई भारतबाट उद्धार गरेको छ। झापाबाट झण्डै दुई वर्ष अगाडि नाबालक छोराछोरीसहित हराएका १८ र १९ वर्षीया दुई युवतीको प्रहरीले उद्धार गरेको हो।

दुई वर्षदेखि खोजतलास गर्दै जाने क्रममा निजहरू भारतको विहार राज्यस्थित छौंडादानो भन्ने स्थानमा आकर्षक काममा लगाइदिने भनी झुक्याइ प्रलोभनमा पारेर बेचबिखनमा परेको थाहा पाएपछि प्रहरीले उद्धार गरेको जनाएको छ। जिल्ला प्रहरी कार्यालयबाट खटिएको विशेष टोलीले माइती नेपाल पर्सा तथा भारतीय काउन्टरपार्टस्सँग समन्वय गरी चारै जनालाई उक्त स्थानबाट उद्धार गरी ल्याउन सफल भएको प्रहरीले जनाएको छ।

उक्त मानव बेचबिखन कसुरमा सलंग्न व्यक्तिको पहिचान तथा खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिनुभयो।


लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार'
- लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनत: दण्डनीय छ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं।

स्वस्थ र सुखी परिवारकोलागिलागूऔषधदुर्व्यसनलाईनिरुत्साहनगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मानव अधिकारका लागि सामूहिक हातेमालोमा जोड

**दैनिक समाचारदाता**
**राजबिराज, २४ मंसिर ।**

मानवअधिकारको विश्वव्यापी घोषणापत्र जारी भएको दिनको सम्झनामा मानव अधिकारको अवस्था र भूमिका विषयक अन्तरक्रिया कार्यक्रम राजविराजमा शुक्रबार सम्पन्न गरिएको छ।

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मूल समारोह समितिको आयोजना र इन्सेक सप्तरीको संयोजनमा भएको अन्तरक्रिया कार्यक्रममा वक्ताहरुले सबैको मानव अधिकार सुनिश्चित र प्रर्वद्धन गर्न सरोकारवाला निकाय र राज्य साथ भएर अगाडी बढनु पर्ने बताए।

कार्यक्रममा इन्सेक प्रतिनिधि मनोहर पोखरेल, सामुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दास, एकल महिला समूहकी प्रदेश २ की अध्यक्ष अनीता देवकोटा, गैसस महासंघका कार्यवाहक अध्यक्ष बलदेब मण्डल, नगरस्तरिय मानव अधिकार समूह राजविराजका अध्यक्ष रघुबर साह, पत्रकार बृजमान तामाङ, प्रहरी नायव निरीक्षक सुरेश पाल, क्रेस नेपालका अध्यक्ष उपेन्द्र साह, महिला सचेतना समाजकी अध्यक्ष सुनिताकुमारी साह, हेल्प मधेस नेपालका जिल्ला अध्यक्ष प्रमोद शर्मा, सामुदायिक सेवा केन्द्रका सचिव संजय शर्मालगायतले मानव अधिकारको संरक्षण र प्रबर्द्धन व्यक्तिगत प्रयासले भन्दा पनि सामुहिक प्रयासले मात्रै सम्भव भएकोले एकताबद्ध हुनुपर्ने बताए।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*